# स्थानीय राजपत्र

**भाग : २, खण्ड : ७, संख्या ८, राजपत्रमा प्रकाशित मिति २०८०।०४।२९**

कार्यपालिकाबाट स्वीकृती मिति : २०८०।०४।२६

प्रमाणिकरण मिति : २०८०।०४।२८


## दिपायल सिलगढी नगरपालिका, डोटी

# दिपायल सिलगढी नगरपालिकाको नगर बाल अधिकार समिति संचालन कार्यबिधि, २०८०

# दिपायल सिलगढी नगरपालिकाको **नगर बाल अधिकार समिति संचालन कार्यबिधि, २०८०**

**प्रस्तावना :**

नेपालको संबिधान २०७२ को धारा ३९, स्थानिय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरिएका बालअधिकारलाई स्थानिय सरकार मार्फत बालबालिकाको बाँच्न पाउने, संरक्षण हुन पाउने, बिकास हुन पाउने, र सहभागीताको अधिकारलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न वाञ्छनीय भएकोले बालबालिका सम्वन्धित ऐन २०७५ को दफा ६० को उपदफा २, ३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तर्जूमा गरी दिपायल सिलगढी कनगरपालीका ले बालअधिकार समिति संचालन कार्यबिधि २०८० जारीगरी स्वीकृत गरिएको छ ।

१) संक्षिप्त नाम र प्रारम्भ:

(क) यस कार्यबिधिको नाम "बालअधिकार समिति संचालन कार्यबिधि २०८० रहने छ ।

(ख) यो कार्यबिधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषा:

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्भन्नु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्भन्नु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले दिपायल सिलगढी नगरपालिका द्वारा जारी गरिएका बालअधिकार समिति संचालन कार्यबिधि २०८० सम्भन्नु पर्छ ।

(घ) "बालबालिका सम्बन्धी ऐन" भन्नाले नेपालको संघीय सरकारले जारी गरेको बालबालिका सम्बन्धी ऐन २०७५ लाई सम्भन्नु पर्छ ।

(ङ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरूलाई सम्भन्नु पर्छ ।

(च) "बालबालिका ईकाइ" भन्नाले नगरकार्यपालिकाको कार्यालयमा रहेको महिला बालबालिका र समाज कल्याण ईकाइ र नौ वटै वडा कार्यालयमा स्थापना गरिएको बालबालिका सम्बन्धी काम गर्ने ईकाई/डेस्कलाई समेत सम्भन्नु पर्दछ ।

(छ) "सम्पर्क व्यक्ति" भन्नाले दिपायल सिलगढी नगरपालिका कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका ईकाइ/डेस्कमा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्भन्नु पर्छ ।

(ज) "स्थानीय/वडा बाल अधिकार समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० (२),(३) बमोजिम बालबालिकाको अधिकारहरूको संरक्षण, सम्मान र परिपूर्ति गर्न नगरपालिका र वडास्तरमा गठन भएका समितिहरुलाई सम्भन्नु पर्दछ ।

(झ) "बालमैत्री स्थानीय शासन समिति" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ वा यसलाई प्रतिस्थापन गर्न बनेको संघीय वा प्रादेशिक वा स्थानीय कानून बमोजिम गठन भएको समितिलाई

सम्भनु पर्छ ।

(ञ) “बाल क्लब” भन्नाले दिपायल सिलगढी नगरपालिका नगर कार्यपालिकाद्वारा जारी गरेको बाल क्लब र बालक्लब सञ्जाल गठन तथा सञ्चालन सम्बन्धमा ब्यबस्था गर्न बनेको कार्यबिधि २०७५, बमोजिम गठन भई क्रियाशील रहेका बाल क्लबहरूलाई सम्भनु पर्दछ ।

(ट) “बाल क्लब सञ्जाल” भन्नाले दिपायल सिलगढी नगरपालीका नगर कार्यपालिकाद्वारा जारी गरेको बाल क्लब र बालक्लब सञ्जाल गठन तथा सञ्चानल सम्बन्धमा ब्यबस्था गर्न बनेको कार्यबिधि २०७५, बमोजिम गठन भई क्रियाशील रहेका बाल क्लबहरूको सञ्जाललाई सम्भनु पर्दछ ।

(ठ) “संरक्षक” भन्नाले अभिभावक विहिन बालबालिकालाई अभिवावकत्व प्रदान गर्न यस कार्यविधि अनुरुप नियुक्त गरिएको व्यक्तिलाई सम्भनु पर्दछ ।

(ड) “गैर सरकारी संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई स्थानीय तहसँग समन्वय गरी कार्य गर्ने नाफा रहित सामाजिक संस्थालाई सम्भनु पर्छ ।

(ढ) “बाल कोष” भन्नाले दिपायल सिलगढी नगरपालिका बाल कोष सञ्चालन कार्यविधि २०८० अनुरुप स्थापना गरी कार्यान्वयनमा रहेको बालहित कोषलाई सम्भनु पर्दछ ।

(ण) “नगरपालीका ” भन्नाले दिपायल सिलगढी नगरपालिका सम्भनु पर्छ ।

(त) “सभा” भन्नाले दिपायल सिलगढी नगरपालिका को नगर सभालाई सम्भनु पर्छ ।

(थ) “कार्यपालिका” भन्नाले दिपायल सिलगढी नगरपालिका को नगरकार्यपालिकालाई सम्भनु पर्छ ।

## ३. उद्देश्य

(क) बालबालिकाको बाँच्न पाउने, बिकास हुन पाउने,संरक्षण हुने पाउने, सहभागीता हुन पाउने अधिकारको संरक्षण र प्रबर्द्धन गर्नका लागि मार्ग निर्देश गर्ने ।

(ख) दिपायल सिलगढी नगरपालिका मा बालबालिकाहरुको क्षेत्रमा काम गर्ने स्थानिय संरचना तयार गरी उक्त संरचनाहरुको सवलीकरण गर्ने ।

(ग) बालबालिका विरुद्ध हुने हिँसा न्युनीकरण गरि मामिला व्यवस्थापन गर्ने उचित प्रक्रिया अपनाई सिफारिस संयन्त्रको विकास गर्ने ।

(घ) जोखिममा रहेको बालबालिकाको पहिचान, अभिलेखीकरण र उनीहरूको सहयोगको लागि घटना व्यवस्थापन गर्ने

(ङ) दिपायल सिलगढी नगरपालिका लाई बालमैत्री नगरपालिका बनाउनका लागि आधार तयार गर्ने ।

## ४) स्थानीय बाल अधिकार समिति सम्बन्धी व्यवस्था

दिपायल सिलगढी नगरपालिका स्तरमा बालअधिकारको संरक्षण र प्रर्बद्धन गर्नका लागि देहाय बमोजिमको १८ सदस्यीय नगरपालिका स्तरीय बालअधिकार समिति रहनेछ ।

१)नगर पालिकाको उपप्रमुख — संयोजक

२) सामाजिक बिकास समितिको संयोजक — सदस्य

३) प्रमुख प्रशासकिय अधिकृत — सदस्य

४) स्वास्थ्य शाखा प्रमुख — सदस्य

५) जिल्ला प्रहरी कार्यालयको प्रतिनिधी — सदस्य

६)नगर प्रमुखले तोकेको समाज सेवी मध्येबाट एक जना — सदस्य

७)बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरु मध्येवाट नगरपालिकाले तोकेको २ जना — सदस्य

८) नगरपालिका स्तरीय बाल संजालवाट २ जना ( १ बालिका, १ बालक) — सदस्य

९) शिक्षा शाखा प्रमुख — सदस्य

१०) सामाजिक बिकास शाखा प्रमुख — सदस्य

११) महिला तथा बालबालिका शाखा प्रमुख — सदस्य

१२) धामी, ज्योतिष लगायतका ब्यक्तिहरुबाट नगरपालिकाकाले मनोनित गरेको एक जना — सदस्य

१३) निजी क्षेत्रका संस्थाहरु मध्येबाट नगरपालिकाले मनोनित गरेको एक जना ब्यक्ति — सदस्य

१४) कार्यपालिका सदस्यहरु मध्येबाट नगरपालिकाले मनोनित गरेको एक जना महिला सदस्य — सदस्य

१५) नगर प्रहरी इन्चार्ज — सदस्य

१६) नगरपालिकाको बाल कल्याण अधिकारी — सदस्यसचिव

ख) नगरपालिका स्तरीय बाल अधिकार समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

ग) बाल अधिकार समिति, समितिको पदाधिकारीहरुको पदावधि तीन वर्षको हुनेछ र निजहरु आवश्यकता र योग्यताका आधारमा पुन:नियुक्त पनि हुन सक्नेछन् ।

घ) बाल अधिकार समितिले आफ्नो कार्यलाई थप प्रभावकारी बनाउनका लागि आवश्यकता अनुसार बिषयगत समिति वा उपसमिति गठन गरि कार्य गर्न सक्नेछ ।

## ५. स्थानिय बालअधिकार समितिको बैठक सम्वन्ध व्यवस्था

क) स्थानीय बाल अधिकार समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ ।

ख) संयोजकको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

ग) स्थानीय बाल अधिकार समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ र बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

घ) स्थानीय बाल अधिकार समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

ङ) स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

## ६.नगरपालिका स्तरीय बालअधिकार समितिको काम कर्तब्य र अधिकार

क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्यांक अद्यावधिक गर्ने ।

ख) स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा नगरपालिका स्तरीय बाल भेला गरि बालबालिकाको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने ।

ग) वार्षिक रुपमा बालबालिकाको तथ्यांक अद्यावधिक गरी स्थिति पत्र प्रकाशन गर्ने ।

घ) बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमहरूको विश्लेषण गरी आवश्यकता अनुसार कानूनको तर्जुमा तथा कार्यक्रमका लागि नगर कार्यपालिकालाई सिफारिस गर्ने ।

ङ) बाल अधिकार हनन्का घटनाहरूलाई छलफल गरी आवश्यकता अनुसार सम्बन्धित निकायमा सिफारिस गर्ने

च) बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था र निकायहरूको नक्सांकन, सेवा मापन र आवश्यक समन्वय र सहकार्य गरी बाल अधिकारको सम्वर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

छ) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्ने र अभियान संचालन गर्ने

ज) जोखिममा रहेका बालबालिकाको सहयोगको लागि घटना ब्यवस्थापन प्रक्रियालाई अवलम्वन गर्ने ।

झ) बाल अधिकार हनन् तथा उल्लंघनका घटनाहरूको अनुगमन गर्ने र दोषीलाई आवश्यक कानूनी कार्बाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ञ) नगरपालीकामा रहेका बाल क्लब सञ्जाल लगायत क्लवहरुको सूचीकृत, क्षमता विकास र परिचालन गर्ने ।

ट) बालबालिकाहरूको सवालका विषयमा नियमित अनुगमन गर्ने ।

ठ) नगरपालीका मा रहेका सबै वडा बाल अधिकार समितिहरुको सहभागितामा अर्धवार्षिक कार्य प्रगति समीक्षा गर्ने ।

ड) बालअधिकार समितिले नगरपालीका स्तरमा गरेका बिभिन्न गतिविधीहरुको अर्धबार्षिक प्रतिवेदन तयार गरि नगर कार्यपालिकामा पेश गर्ने ।

ढ) बिशेष परिस्थितिमा रहेका बालबालिकाहरुको सहयोगका लागि सम्वधित सरोकारवाला सेवा प्रदायक निकायहरुसंग समन्वय र सहकार्य गरि सहयोगका लागि सिफारिस गर्ने

ण) बालबालिका सम्वन्धि ऐन, नियम, निति, कार्यबिधि, रणनिति र कार्ययोजना निर्माण गर्नका लागि नगरपालिका लाई सहयोग गर्ने ।

त) बालबालिकाको क्षेत्रमा बजेट बिनियोजन, कार्यन्वयनका लागि नगरपालिका लाई सहयोग गर्ने ।

थ ) स्थानीय स्तरमा बाल संरक्षणको अवस्था विश्लेषण गरी सोको आधारमा कार्ययोजना निमार्ण गर्ने

द) बाल श्रममुक्त नगरपालिका, सबैका लागि शिक्षा, बाल मैत्री नगरपालिका निर्माणका लागि पहल गर्ने

## ७.वडा बाल अधिकार समिति सम्बन्धी व्यवस्था

क) बालअधिकारको संरक्षण र प्रर्बद्धन गर्नका लागि नगरबालअधिकार समितिको मातहतमा रहने गरि प्रत्येक वडामा भौगोलिक तथा लैंगिक समावेशिताको आधारमा देहाय बमोजिमको १० सदस्यीय वडा बाल अधिकार समिति समेत रहनेछ

१) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - संयोजक

२) दलित/महिला सदस्य - सदस्य

(३) वडा स्थित स्वास्थ्य चौकी प्रमुख वा प्रतिनिधि - सदस्य

(४) वडामा रहेको उच्चतम्तहको विद्यालयको प्रधानाध्यापक मध्येबाट १ जना - सदस्य

(५) बाल अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू मध्येबाट १ जना - सदस्य

(६) वडास्तरीय बाल क्लब सञ्जालबाट २ जना (१ बालक, १ बालिका) - सदस्य

(७) सम्बन्धित वडाको प्रहरी चौकी प्रमुख -सदस्य

८) वडा भित्रका महिला स्वास्थ्य स्वयंम सेविका मध्येबाट वडाअध्यक्षले तोकेको एक जना -सदस्य

(९) वडा सचिव सदस्य सचिव

ख) बालबालिकासँग सम्बन्धित विषेश निर्णय गर्नुपर्ने अवस्थामा विद्यालय प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्य, घटना व्यवस्थापन कार्यकर्ता ,वडा सदस्य लगायतका अन्य स्थानीय बुद्धिजिवि र समाजसेवीलाई समेत वडास्तरीय बालअधिकार समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

ग) वडा बाल अधिकार समितिको सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ र निजहरू पुनर्नियुक्तिको लागि ग्राह्य हुनेछन्

घ) वडा बाल अधिकार समितिको प्रशासनिक कार्य समितीको सदस्य सचिवले गर्नेछ ।

## ८.वडा बाल अधिकार समितिको बैठक

क) वडा बाल अधिकार समितिको नियमित बैठक कम्तीमा मासिक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ ।

ख) संयोजकको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

ग) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

घ) समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

ङ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

## ९.वडा बाल अधिकार समितिको काम कर्तब्य र अधिकार

**क) तथ्याँक संकलन तथा अद्यावधिक गर्ने** :वडा भित्रका बिशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको (अपांगता, आमावुवा गुमाएका, परित्याग, हराएका, एच.आई.भी संक्रमित तथा प्रभावित, वाल श्रमिक, वेचविखनमा परेका, वालविवाह, वाल दुर्व्यवहार, हिंसामा परेका वाललवालिकाहरु) तथ्याँक संकलन गर्ने र बार्षिक रुपमा अद्यावधिक गरी नगरपाकि स्तरिय बालअधिकार समितिमा सम्प्रेषण गर्ने ।

**ख) वार्षिक योजना तर्जुमा र कार्यन्वयन गर्ने** : वडा भित्रका बालबालिकाको क्षेत्रमा आवश्यकता पहिचान गरी बिभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको समन्वयमा समुदायमा आधारित वार्षिक योजना निर्माण गरी कार्यन्वयन गराउनका लागि आवश्यक समन्वय र सहकार्य गर्ने । कार्य योजना तयार गर्दा जोखिममा रहेका बालबालिकालाई लक्षित र लाभान्वित हुने क्रियाकलाप, सचेतनामूलक क्रियाकलाप, क्षमता विकास र आकस्मिक सहयोगका क्रियाकलाप लगायत बालबालिकाको समग्र संरक्षण र सहभागिताको अधिकार सुनिश्चित हुने किसिमका योजनाहरु तयार गर्ने ।

**ग) समन्वय र सहकार्य गर्ने:**वडामा कार्यरत सरकारी, गैर सरकारी निकाय एवं नीजि क्षेत्रहरु, संस्थाहरु जस्तै: वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, समूह, संजाल, समिति जस्ता विभिन्न निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गर्ने जसवाट जोखिममा रहेका बालवालिकालाई आवश्यक सहयोग पुर्‍याउन र उनीहरुको संरक्षणको अधिकार सुनिश्चित गर्न सहयोग पुगोस ।

**घ) सचेतना जगाउने:**बालअधिकार सवाल र बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हेला र शोषण अन्त्य गर्न तथा उनीहरुका लागि समुदाय, विद्यालय र परिवारमा सुरक्षित र संरक्षित वातावरण सृजना गर्न सहयोग पुग्ने किसिमका सचेनतामुलक कार्यक्रम संचालन गर्ने । जस्तै : बालविवाह, जन्म दर्ता, विद्यालय भर्ना, पूर्ण खोप, दण्डरहित शिक्षण, बालसहभागिता, बालमैत्री व्यवहार, बालश्रम जस्ता विषयमा अर्न्तक्रिया, रेडियो कार्यक्रम, सार्वजनिक सुनुवाई, अर्न्तसंवाद आदि क्रियाकलापको माध्यमबाट सचेतना जगाउने ।

ङ) **श्रोत नक्शांकन र सिफारिस संयन्त्रको स्थापना गर्ने:** वडामा सरकारी, गैर सरकारी र नीजि क्षेत्रवाट वालवालिकाहरु र तिनिहरुका परिवार लक्षित सेवाहरुको नक्शांकन गरी आवश्यक रोष्टर तयार गर्ने । उल्लेखित उपलव्ध सेवाहरु जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रित गर्न वडास्तरीय सिफारिस संयन्त्र स्थापना गरी सक्रीय वनाउने ।

**च) वालवालिका सम्वन्धी नीति तर्जुमा एवं कार्यान्वयनका लागि पैरवी गर्ने** : वडा स्तरमा बालअधिकारको संरक्षण र प्रर्बद्धनका लागि बिभिन्न सवालहरुमा आवश्यक नीति निर्माण एवं पैरवी गर्ने । जस्तै बालबालिकासंग के गर्नु हुने, के गराउनु नहुने जस्ता विषयमा स्थानीयस्तरमा निती तथा आचार संहिता तयार गरी लागु गर्न सहजीकरण गर्ने ।

**छ) बालकोषमा आबस्यक सहयोग गर्ने :** वडास्थित विभिन्न निकायहरुसंग समन्वय र सहकार्य गरी आपतविपतमा परेका तथा बिभिन्न दुर्व्यहारमा परेका वालवालिकाहरुको तत्काल उद्दार र सहयोग गर्न एक आकस्मिक बाल हितका लागि नगरबालकोषमा आबस्यक रकम बिनियोजन गर्ने ।

**ज) अनुगमन र समिक्षा गर्ने:** वालवालिकाहरुका लागि वडास्तरमा सम्पन्न क्रियाकलाप र सहयोगले उनीहरुको अवस्थामा आएको परिवर्तन, परेको प्रभाव आदि अनुगमन र समिक्षा गर्ने । कार्यक्रमको अनुगमन र समिक्षा आवधिकरुपमा, त्रैमासिक, अर्धबार्षिक र बार्षिकरुपमा गर्नु पर्ने ।

**झ) प्रगति प्रतिवेदन पेश गर्नु पर्ने:** वडामा बालबालिका सम्वन्धी गरेका क्रियाकलापहरुको सम्पन्न प्रतिवेदन तयार गरी वडास्तरका सरोकारवालाहरुसंग अर्धबार्षिक रुपमा सार्वजनिकरण गर्ने र सो प्रतिवेदन नगरपालिका मा पेश गर्ने । साथै नगर बालअधिकार समितिले दिएको निर्देशनको पालना गर्ने ।

ञ) घटना व्यवस्थापक कार्यकर्ता छनौट गरी ,परिचालन तथा घटना व्यवस्थापन प्रक्रिया संचालन गर्ने र सो कार्यको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

**१०.बालकल्याण अधिकारीको ब्यबस्था:** स्थानीय बाल कल्याण अधिकारीको ब्यबस्था बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ मा उल्लेख भए बमोजिम रहने छ ।

## १२.बाल कल्याण अधिकारीको काम, कर्तब्य र अधिकार :

क) स्थानिय बालअधिकार समितिको निर्णय एवंम निर्देशनहरु कार्यन्वयन गर्ने र गराउने ।

ख) नेपाल सरकार, प्रदेश सरकार, र स्थानीय तहवाट स्वीकृत निति र योजना अनुरुप समितिको बार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा सोको प्रगति प्रतिवेदन तयार गरी समितिको बैठकमा पेश गर्ने ।

ग) स्वीकृत राष्ट्रिय, प्रादेशिक र स्थानीय निति र योजना अनुरुप बाल संरक्षण कार्यलाई प्राथमिकितामा राखी बार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यन्वयन गर्न स्थानीय तह र समितिलाई आवश्यक सहयोग गर्ने ।

घ) बालबालिका सम्वन्धी समग्र स्थानीय तथ्याँक संकलन तथा प्रशोधन गरि गराई बार्षिक स्थिति प्रतिवेदन तयार गरि समितिको स्वीकृतिले प्रकाश गर्ने र प्रत्येक आर्थिक वर्ष समाप्तभएको तीन महिनाभित्र यसको एकएक प्रति प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषद समक्ष पेश गर्ने ।

ङ) स्थानीय तहमा नियुक्त तथा तोकिएका समाज सेवी तथा बाल मनोबिज्ञलाई परिचालन गर्ने ।

च) आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने ब्यक्तीलाई स्थानिय बाल अधिकार समितिमा सुचीकृत गर्ने र लिखत तयार गर्न सहयोग गर्ने ।

छ) आन्तरिक धर्मपुत्र धर्मपुत्री, संरक्षक र माथवर नियुक्त तथा तोक्ने कार्यमा सम्वन्धित ब्यक्ति, परिवार र निकायलाई सहयोग तथा सहजीकरण गर्ने ।

ज) स्थानीय तहभित्र संचालनमा रहेका बालगृह, बाल सुधार गृह , पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा प्रबन्ध, निगरानी कक्ष जस्ता आवासिय संरक्षण गृहको अनुगमन तथा निरीक्षण गर्ने, निर्देशन दिने तथा पृष्टपोषण गर्ने र आवासिय बाल गृह तथा संरक्षण केन्द्रको बन्द गर्न आवश्यक भएमा मन्त्रालयमा सिफारिस गर्ने

झ) बालबालिकाको हक हितको संरक्षण तथा शारीरिक र मानसिक विकास सम्वन्धि स्थानीय तहको दीर्घकालीन निति र योजना तर्जुमा गरी समितिको बैठकमा पेश गर्ने

ञ) समिति सम्वन्धि मुद्धा मामिलाको सन्दर्भमा अदालत तथा न्यायिक समिति वा निकायलाई जवाफ तथा प्रतिउत्तर दिने ।

ट) बालबालिकाको सर्वोत्तम हितका निम्ति नेपालको प्रचलित कानुन, बालसंरक्षण निति, मापदण्ड तथा बालमैत्री समाज स्थापनाका लागि सम्वन्धित निकायसंग समन्वय, सहयोग र सहजीकरण तथा सहकार्य गर्ने ।

ठ) कार्य सम्पादन सम्झौता बमोजिमको कार्य प्रगति प्रत्येक ६।६ महिनाको अवधिमा सम्वन्धित स्थानीय तहको कार्यपालिका समेक्ष पेश गर्ने ।

ड) बैकल्पिक हेरचाहको ब्यवस्था सम्वन्धी सम्वन्धित ब्यक्ती, परिवार, बालबालिका लगायतको सूचना विवरण राख्ने तथा अध्यावधिक गर्ने ।

ढ) स्थानीय स्तरमा घटेका बाल अधिकार हनन्का घटनाको अनगुमन, अभिलेख, उद्धार र घटना व्यवस्थापन प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

ण) संस्थागत स्याहारमा रहेका बालबालिकाको आवश्यकतानुसार जन्मदर्ता गर्न, अपांगता परिचय पत्र वनाउन तथा नागरिकता बनाउन सम्वन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।

त) समितिवाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

ग) नगरपालिका अन्तर्गत सामाजिक बिकास शाखा र महिला तथा बालबालीका शाखा संगको समन्वय र सुपरिक्षिवेक्षणमा वडा बालअधिकार समितिका प्रतिनिधी, अभिभावक र सम्वन्धित बालबालिकालाई संगै राखी तोकीएको फाराममा रही पारिवारिक लेखाजोखा गरि स्याहार योजना निर्माण गर्नुपर्ने छ ।

घ) जोखीममा रहेका बालबालिकाहरुको स्याहार योजनाको आधारमा सहयोग जुटाउन र सक्रिय रुपमा घटना व्यवस्थापन गर्नका श्रोत नक्साँकनका आधारमा सेवा प्रदायहरुसंग समन्वय र सहकार्य गर्नुपर्ने छ ।

ङ) स्याहार योजनाका आधार बालबालिकाहरुलाई सहयोग पुर्‍याउनका लागि उनीहरुको घरमा गई महिनाको कम्तीमा २ पटक नियमित घरभेट गर्ने र सो फलोअप गरेको निर्धारित फाराममा प्रतिवेदन तयार गर्ने ।

च) नगरपालीका को महिला तथा बालबालिका शाखामा प्रत्येक बालबालीकाहरुको ब्यक्तीगत फाईल खडा गरि पहिचान फाराम, पारिवारिक लेखाजोखा फाराम, स्याहार योजना फाराम, सिफारिस गरेको फाराम, घरदैलो फाराम, र मासिक प्रतिवेदनको दस्तावेजीकरण फाईल खडा गरि राख्नुपर्ने छ ।

छ) घटना व्यवस्थापनकार्यकर्ताले फलोअप गरिरहेका बालबालिकाहरुको प्रगति प्रतिवेदन सम्वन्धि बाल अधिकार समितिको मासिक वैठकमा प्रस्तुतिकरण गर्ने र आवश्यक सहयोग जुटाउनका लागि वडा कार्यालय र महिला तथा बालबालिका शाखा तथा अन्य सरोकारवालाहरु निकायहरु संग समन्वय गरि नगरपालिका मा महिला तथा बालबालिका शाखालाई प्रतिवेदन पेश गर्ने ।

ज) बालविवाहवाट पिडीत, उमेर नपुगी गर्भधारण भएर बिद्यालय छोडेका बालबालिकाहरुलाई घरदैलो भेटघाट तथा नियमित फलोअप गरि बिद्यालय नियमित गराउनका लागि सहयोग गर्नुपर्ने ।

झ) नगरपालीका अन्तर्गत महिला तथा बालबालिका शाखा, सामाजिक बिकास शाखा र बालअधिकार समिति तोकेको बालसंरक्षणसंग सम्वन्धित अन्य कार्य गर्ने ।

## १६. बाल कोष :

(क) बालअधिकारको प्रवर्द्धन तथा बालबालिकाको हकहितको संरक्षण गर्न नगरपालिकामा एक बाल कोष रहनेछ।

(ख) उपदफा (१) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्:

(१) नेपाल सरकारबाट प्राप्त रकम,

(२) प्रदेश सरकारबाट प्राप्त रकम

(३) नगरपालिका बाट प्राप्त रकम,

(४) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(७) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम । (३) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन, सञ्चालन र प्रयोग तोकिए बमोजिम हुनेछ ।

ग) बालहित कोषको परिचालन नगरपालिका ले नगरकार्यपालिका मार्फत प्रमाणित गरेको बालहित कोष संचालन कार्यबिधि २०८० बमोजिम हुनेछ ।

## १७. बालबालिका डेक्सर इकाईको स्थापना

क) नगरपालीका को कार्यालय र प्रत्येक वडा कार्यालयमा बालबालिका डेक्स/इकाईको स्थापना गरिने छ । बालबालिका डेक्स/इकाइको सचिवालय प्रमुखको रुपमा स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समितिको सदस्य सचिव रहने छ ।

## १८. अनुगमन तथा सुपरीबेक्षण

क) नगर बाल अधिकार समितिले बाल अधिकारको प्रचलन गराउन तथा बालसंरक्षणका लागि आफ्नो कार्यक्षेत्र भित्र अनुगमन गर्न समिति आफै वा अनुगमनको लागि टोली खटाई कम्तीमा हरेक तीन महिनामा एक पटक अनिवार्य हुने गरी अनुगमन कार्य गर्नेछ । अनुगमन पश्चात प्राप्त तथ्य सहितको प्रतिवेदन बाल अधिकार समितिमा पेश गरी आवश्यक कारबाहीका लागि सरोकारवाला निकाय समक्ष सिफारिस गरिनेछ ।

## १९. बालबालिकाको उद्धार तथा पुर्नस्थापना सम्वन्धि कार्य

क) कुनै पनि बालबालिकाका जोखिमपुर्ण अवस्थामा रहेको भेटिएमा वा सूचना प्राप्त भएमा उक्त बालबालिकाको सर्बोतम हीतलाई ख्यालमा राखी प्रहरी प्रशासनको सहयोगमा उद्धार तथा पुनर्स्थापनाको कार्य गरिने छ । साथै घटना व्यवस्थापन प्रक्रियालाई अवलम्वन गर्दै बालबालिकाको पुनर्स्थापना कार्य बाल अधिकार समतिले गर्नेछ ।

ख) बाल कल्याण अधिकारी वा प्रहरी कर्मचारी आफैंले कुनै बेवारीसे बालबालिका फेला पारेमा वा अन्य कुनै व्यक्तिले बुझाउन ल्याएमा त्यस्तो बालकको सम्बन्धमा यथासम्भव तीन पुस्ते नाम, थर, ठेगाना, फोटो तथा शरीरमा रहेको कुनै विशेष चिन्ह सहितको विवरण र औंठाको छापसमेत आफ्नो कार्यालयमा राखी त्यस्तो बालबालिकालाई संरक्षणका लागि नजिकको संरक्षक वा बाल कल्याण गृहमा जिम्मा लगाउनेछ ।

ग) बेवारिसे बालबालिकाको बाबु, आमा, नातेदार वा संरक्षकको पत्ता लगाउने प्रयोजनको निमित्त बाल कल्याण अधिकारी, प्रहरी कार्यालय वा सम्बन्धित बाल कल्याण गृह प्रमुखले त्यस्तो बालबालिकाको हुलिया तथा फोटोसहितको सूचना कुनै पत्रपत्रिकामा प्रकाशित गराउन वा सञ्चारको अन्य माध्यमबाट प्रशारण गराउन सक्नेछन् ।

## २०. सजाय

क) संस्था, व्यक्ति वा निकायले बाल अधिकारको हनन् वा उलङ्घन गरेमा तथा संरक्षक र परिवारका कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ ।

## २१. प्रोत्साहन पुरस्कारको ब्यवस्था

क) बाल अधिकारको संरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति बाल क्लब, सञ्जाल तथा संघसंस्थालाई नगरपालिका ले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।

## २२. सिफारिस संलग्न गर्नुपर्ने

क)बालबालिकासँग सरोकार राख्ने कुनै पनि व्यक्ति वा निकायले बालबालिकाहरुलाई आवश्यक सहयोग उपलब्ध गराउनु पूर्व सो सहयोग उपलब्ध गराउनका लागि स्थानीय/वडा बाल अधिकार समितिको सिफारिस अनिवार्य प्राप्त गरेको हुनुपर्ने छ ।

## २३. कार्यबिधिको ब्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार

क) कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा उत्पन्न हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार दिपायल सिलगढी नगरपालीको नगर कार्यपालिकालाई हुनेछ ।

## २४.यसै बमोजिम हुने

क) यस कार्यविधिमा लेखिए जति कुरामा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

## २५. संसोधन तथा बचाउ

क) यस कार्यविधिमा दिपायल सिलगढी नगरपालीका , नगर कार्यपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्ने छ । यस कार्यविधिमा उल्लेख भएका विषयहरु अन्य प्रचलित कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुने छ ।

## २७. प्रतिवेदन पेश गर्नु पर्ने:

(क) वडा बालअधिकार समितिले वडा तहमा सञ्चालन भएका कार्यक्रमको अर्धबार्षिक रुपमा भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन नगरपालिका स्तरीय बाल अधिकार समितिलाई पेश गनुपर्ने छ ।

(ख) प्रत्येक वडावाट प्राप्त भएको कार्यक्रमको प्रगति प्रतिवेदन संकलन गरी एकमुष्ठ प्रगति प्रतिवेदन तयार पार्ने कार्य नगर बाल अधिकार समितिको तर्फवाट बालकल्याण अधिकारीको हुनेछ । यसरी तयार पारिएको प्रगति प्रतिवेदनलाई समितिको संयोजकले स्वीकृति गरेर संस्थागत अभिलेखिकरणका लागि नगरपालिका सम्बन्धीत शाखा, र सम्बन्धित विकासका साझेदारलाई एक/एक प्रति पेश गर्ने दायित्व सम्बन्धित कार्यक्रम व्यवस्थाकको हुनेछ ।

(ग) कार्यक्रमको प्रगति प्रतिवेदन निर्धारित ढाँचा तथा परिसूचकहरुको आधारमा तयार गर्नु पर्नेछ ।

(घ) प्रगति प्रतिवेदन तयार गर्दा अनिवार्य रुपमा अनुगमन सूचकको आधार लिनु पर्नेछ ।

(ङ) नगरपालीका बाल अधिकारको स्थिति एवं अवस्थालाई स्पष्ट पार्ने गरी बालबालिका सम्बन्धी तथा सूचना पेश गर्नु पर्नेछ ।

(च) प्रतिवेदनमा कार्यक्रम कार्यान्वयनमा आएका समस्या, समस्या समाधानका लागि भएका पहल र रचनात्मक सुझाव समेत समावेश गर्नु पर्नेछ ।

(ज)कार्यक्रमको नियमित अनुगमन र सुपरीवेक्षण प्रत्येक महिना वा आवश्यकता अनुसार गरी/गराइ सम्बन्धित अधिकृतले समस्या समाधानका लागि सम्बन्धित निकाय वा समितिको बैठकमा छलफल गराई बैठकको निर्णयानुसार आवश्यक कदम चाल्नु पर्ने छ ।

**२८. व्याख्या गर्ने अधिकार**

यस निर्देशिकामा भएको कुनै व्यवस्था अस्पष्ट भै व्याख्या गर्नु पर्ने भएमा सो सम्बनधी ब्याख्या नगर कार्यपालिले गर्नेछ ।

**२९. बाधा अड्काउ फुकाउने**

यो कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा  या कार्यबिधि तथा निर्देशिकामा आबस्यक ब्यबस्था गरी नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

॥ समाप्त ॥

आज्ञाले

शंकर सुचिकार

प्रमुख प्रशासकिय अधिकृत